**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार**
**उच्चायुक्तको कार्यालय, नेपाल**
**प्रेस विज्ञप्ति – २०६७ वैशाख १९**

*(विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा)*

## पत्रकार वीरेन्द्र साहको हत्याका अभियुक्तको गिरफ्तार गर्न राषट्रसंघीय उच्चायुक्तको कार्यालयको आग्रह

वैशाख १९, काठमाडौं ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय – नेपाल) ले नेपालमा पत्रकारका हत्याराहरूलाई न्यायको कठघरामा उभ्याउनै पर्ने भएको बताएको छ । उसको आह्वानले वैशाख १६ गते राष्ट्रसंघका महासचिव बान कि-मूनले विश्व प्रेस स्वतन्त्रता दिवसको एक कार्यक्रमबीच विश्वभरका पत्रकारहरूको हत्यातर्फ इङ्गित गर्दै व्यक्त गर्नुभएको विचारलाई समेत प्रतिध्वनित गरेको छ । महासचिवले भन्नुभएको थियो, "यस प्रकारका हत्याहरूको म भर्त्सना गर्दछु र दोषीहरूलाई न्यायको कठघरामा उभ्याउनु पर्दछ भन्ने कुरामा जोड दिन चाहन्छु ।"

नेपालमा पत्रकारहरूले धम्की र असुरक्षाको वातावरणमा काम गर्दै आइरहेका छन्, जसले स्वतस्फुर्त रूपमा सेन्सर गर्नुपर्ने अवस्थालाई प्रबर्धन गरेको छ भन्ने कुरालाई यस कार्यालयले ध्यान दिएको छ । उच्चायुक्तको कार्यालय – नेपालले विगत ६ महिनामा पत्रकार, सम्पादक र मिडिया व्यवसायीहरूलाई प्रभावित गर्ने गरी भयदेखि लिएर हत्यासम्मका कम्तीमा २८ वटा घटनाहरूको रिपोर्ट प्राप्त गरेको छ । यीमध्येका प्रायः घटनाहरू तराई क्षेत्रमा घटेका छन् । पत्रकारहरूलाई कुनै गलत काम वा भ्रष्टाचारसम्बन्धी रिपोर्टिङ्ग गरेको वा कुनै निश्चित राजनीतिक धार नअपनाएको भनी लक्षित गरिएको छ । पत्रकार, मानवअधिकारवादी संघसंस्था र अन्तर्राष्ट्रिय समुदायले बारम्बार आह्वान गरे तापनि सरकारले पीडकहरूलाई पहिचान गरी सजाय दिने वचन दिनु बाहेक यस प्रकारका घटनासम्बन्धी एउटा पनि गिरफ्तारी गर्न अझै बाँकी छ ।

"मिडिया जगत्का सदस्यहरूविरुद्धको आक्रमणका लागि जिम्मेवारहरूलाई न्यायको कठघरामा उभ्याउने कार्यका लागि सम्बन्धित निकायको तर्फबाट सार्थक र दृढनिश्चयी प्रयत्नको जरुरत पर्छ भने हत्याराको अभियोग लागेकाहरूलाई आश्रय दिइरहेकाहरूले उनीहरूलाई बुझाउन तयार हुनुपर्छ । २०६४ सालयता कम्तीमा पनि ६ जना सञ्चारकर्मीको हत्या भएको छ र यी सबै घटनाहरूको सवालमा न्याय प्राप्त हुनु अत्यन्त महत्त्वपूर्ण छ । पहिलो ठोस कारबाहीका रूपमा म एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को पूर्ण सहयोगमा २०६४ कार्तकमा पत्रकार वीरेन्द्र साहको हत्याका अभियुक्तविरुद्ध जारी वर्तमान पक्राउपुर्जीलाई कार्यान्वयन गरियोस् भन्ने सुझाव दिन चाहन्छु," उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Chun B. Gurung, tel: 4280164, Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**